नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७७/०७८
चलानी .नः ९३२१

मिति : २०७८।०१।२२

विषय : कोरोना(कोभिड-१९) रोकथाम तथा नियन्त्रण गर्ने सम्वन्धमा ।

श्री स्थानीय तह(७५३) सबै

प्रस्तुत विषयमा विश्वभर फैलदै गैरहेको नयां भेरियण्ट सहितको कोभिड-१९को संक्रमण नेपालमा समेत बढ्दै गैरहेको सन्दर्भमा यस मन्त्रालयको प.सं.०७७/७८ च.नं. १४५ मिति २०७८/१/७को पत्रबाट कोभिड-१९ सम्वन्धी विषयमा नेपाल सरकार(मन्त्रिपरिषद्)को निर्णय र नेपाल सरकार, कोभिड-१९संकट व्यवस्थापन सञ्चालन केन्द्रकाप.सं.५०९/CCMC-MGMT कार्य/१/०७७/७८/२३७ मितिर०७८/१/१०को पत्रसाथ प्राप्त नेपाल राजपत्रको खण्ड ख७१ अतिरिक्ताङ्क २ को बूंदा नं. २१ मा उल्लेख भए बमोजिम निर्णय कार्यान्वयनका लागि यस मन्त्रालयको संघीय मामिला शाखा प.सं.०७७/७८ च.नं. १६२ मिति २०७८/१/१६ को पत्रसाथको व्यहोरा तहाँ जानकारी नै भएको हुंदा सो बमोजिम गर्न गराउनहुनका साथै विद्यमान संक्रमणको परिस्थितिलाई ध्यानमा राखी विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट संक्रमण रोकथाम र नियन्त्रणकालागि जिल्लागत र जिल्लाभित्रका स्थानगत विशेष क्षेत्र तोकीआदेशहरु जारी भएको सन्दर्भमा देहाय बमोजिमगर्न गराउनहुन निर्णयानुसार अनुरोध छ :

१.कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणका लागि सबै स्थानीयतहले पहिलो प्राथमिकता ($P_1$) दिई कार्य गर्ने गराउने

२. कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणका लागि व्यापक रुपमा जन चेतनाजगाउने,आवश्यकता अनुसार स्वयंसेवक परिचालन गर्ने, आफ्नो क्षेत्रभित्र आवश्यकता अनुसार निसंक्रमणकोलागि Disinfectant Spray गर्ने व्यवस्था मिलाउने,जनस्वास्थ्य संग सम्वन्धित विषयमा पालना गर्नु पर्ने नियमहरुको सम्वन्धमा माईकिङ लगायत अन्य बिद्युतीय साधनहरुको उपयोग गरी प्रचार प्रसार गर्ने।

३.।निषेधाज्ञाको अवधिमा कार्यालयबाट प्रदान गर्नुपर्ने अत्यावश्यक सेवालाई नियमित गराउन पालिका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले उपयुक्त व्यवस्था गर्ने ।

४.मन्त्रालयले सञ्चालनमा ल्याएको CMIS (www.cmis.mofaga.gov.np) मा आवश्यक विबरण नियमित रुपमा अनिवार्य प्रविष्टि गर्ने ।

५.आपूर्ति व्यवस्थालाई नियमित गर्न र अति आवश्यक सामग्रीको कृत्रिम अभाव श्रृजना हुन नदिन सम्बद्ध सबै निकायहरुको समन्वय र सहयोगमा नियमितरुपमा बजार अनुगमन गर्ने

फोन नं. (९७७)-(१)-४२००५३३
इमेलः internal.mgmt@mofaga.gov.np

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७७/०७८
चलानी नं:

६.कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणका लागि प्रदेश सरकार र प्रशासन संग समन्वय गर्ने साथै उपलब्ध श्रोत साधनको परिचालनमा मितव्ययीता अपनाउने ।

७.कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणकालागि आवश्यकता अनुसार अन्तर स्थानीय तह समन्वय साझेदारी र सहजीकरण गर्ने ।

८.कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणकालागि यस मन्त्रालय वा मन्त्रालय मार्फत समाधान गरिनु पर्ने विषय/क्षेत्र भए यथाशीघ्र मन्त्रालयमा लेखी पठाउने ।

९.कोभिड-१९को रोकथाम,नियन्त्रण तथा उपचार सम्वन्धमा माथि लेखिए बाहेकको हकमा नेपाल सरकारबाट यस अघि जारी भएका आदेश वा सम्बद्ध निकायबाट जारी निर्णय/निर्देशन/मापदण्ड बमोजिम नै गर्ने गराउने ।

नारायण प्रसाद भट्टराई
शाखा अधिकृत

बोधार्थ :

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सिंहदरबार,काठमाडौं ।

श्री कोभिड-१९ संकट व्यवस्थापन केन्द्र,छाउनी,काठमाडौं ।

श्री गृह मन्त्रालय,सिंहदरबार,काठमाडौं : सबै जिल्ला प्रशासन कार्यालयहरुलाई जानकारी गराई दिनहुन अनुरोध छ ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,रामशाह पथ,काठमाडौं ।

श्री सामाजिक विकास मन्त्रालयहरु (सबै ७ प्रदेश)

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै (७७)

श्री सूचना तथा प्रविधि शाखा - मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनु हुन ।

फोन नं. (९७७)-(१)-४२००५३३
इमेलः internal.mgmt@mofaga.gov.np